सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १४ ♦ २०८२ साल भदौ १७ मंगलवार ♦ 2 Sep 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## ‘प्राकृतिक विपत्तिको जोखिम न्यूनीकरण तथा उद्धार राहतमा तीनै तहका सरकार जिम्मेवार’



**खबर दर्पण समाचारदाता**

**भदौ १६ गते, जनकपुरधाम**

प्राकृतिक विपत्तिको सामना गर्नका लागि तीनै तहका सरकारको सक्रिय सहभागिताले जोखिमलाई न्यून गर्न सकिने भएकाले यस तर्फ तीनै निकाय गम्भीर हुनु पर्ने आवश्यकतामा जोड दिइएको छ ।

सङ्घीय गृह मन्त्रालयको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको आयोजना तथा मधेस प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्रालयको समन्वय तथा यूएन ओम्यानको प्राविधिक सहयोगमा आज जनकपुरधाममा भएको कार्यक्रममा भूकम्प बाहेकका सबै विपद्का घटनामा तीनै तहको सरकारको आर्थिक दायित्व सहितको विषयलाई कानुनले नै सुनिश्चित गरेको जानकारी दिइएको हो ।

खास गरेर भूकम्प बाहेकका अन्य प्रकारका प्राकृतिक विपत्तिमा स्थानीय सरकारको २० प्रतिशत, प्रदेश सरकारको ३० तथा सङ्घीय सरकारको ५० प्रतिशत आर्थिक लगानी गर्नु पर्ने विषयलाई कानुनी रूपमा नै व्यवस्था गरिएको गृह मन्त्रालयका सह-सचिव रोशनी कुमारी श्रेष्ठले जानकारी दिनुभयो ।

कार्यक्रममा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता अपाङ्गता सामाजिक समावेशीकरण रणनीति २०८१ र विपत् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड २०८१ ले विपद्मा परेकालाई राहत तथा उद्धारमा कुनै प्रकारको भेदभाव नगर्ने वरु ती वर्गका व्यक्तिलाई प्राथमिकतामा राखेर राहत, उद्धार तथा पुनर्स्थापनाको कुरा समेट्ने काम भएको सह-सचिव श्रेष्ठले जानकारी दिनुभयो ।

मधेस प्रदेशका गृह,सञ्चार तथा कानुन मन्त्रालयका सचिव विमल बराललले मधेसमा हालै आएको सुख्खा जस्तो प्राकृतिक विपत्तिको समयमा सरकारले नेपाली सेनासँग सहकार्य गरेर पानीको अभाव भएको क्षेत्रमा ८ वटा वारुण यन्त्र परिचालन गरेर आम जनतालाई खानेपानी सुविधा प्रदान गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा बोल्दै मधेस प्रदेशका गृह सञ्चार तथा कानुन मन्त्री राज कुमार लेखीले प्राकृतिक विपत्तिको सहमयमा तीन तहका सरकारका बिचमा हुनु पर्ने समन्वय तथा सहकार्य हुन नसकेका कारणले आम नेपाली नागरिकले दुःख पाउने गरेको बताउनुभयो ।

उहाँले मधेस प्रदेश सबै प्रकारको प्राकृतिक विपद्का लागि जोखिमपूर्ण प्रदेश भएको बताउँदै पोखरी, नदीमा डुबेर बढी मात्रामा मान्छेका मृत्यु हुने गरेको बताउँदै दोस्रोमा सर्प दंश तथा करेन्ट लागेर मृत्यु हुने गरेकाले यसमा स्थानीय तह बढी संवेदनशील भएर आम

*बाँकी पृष्ठ २ मा*

## ऐन कानुन कार्यान्वयनमा सबै पक्ष गम्भीर हुनुपर्छ : मन्त्री लेखी



**खबर दर्पण समाचारदाता**

**भदौ १६ गते, जनकपुरधाम**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले मधेश प्रदेशमा निर्माण भएका ऐन कानुनको प्रभावकारी कार्यान्वयनका लागि सबै पक्ष गम्भीर हुनुपर्ने बताउनुभएको छ ।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा इन्सेकले सोमबार आयोजना गरेको मधेश प्रदेशमा कानुन निर्माण र कार्यान्वयनको अवस्था विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनुभएको हो ।

उहाँले मधेश प्रदेशमा अन्य प्रदेशको तुलनामा धेरै कानुनहरू निर्माण भए पनि कानुन कार्यान्वयनको अवस्था सन्तोषजनक नरहेको भन्दै कार्यान्वयनको सवालमा मधेश

*बाँकी पृष्ठ २ मा*

NANDANI MULTIPLE INT'L COLLEGE
Affiliated to Rajarshi Janak University

ADMISSION
OPEN FOR 2025/2082

Programs Offered:
BCA-40 Students
BBA-40 Students

Scholarships available for up to 8 students.

Entrance Form Open

Apply Now


044-590545,9854031330
9708083865
Bardibas-1, Mahottari





शिरीष अफसेट प्रेस
बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# ऐन कानुन कार्यान्वयनमा सबै ....

प्रदेशले निर्माण गरेको कानुन बारेमा यसरी नै समय समयमा बहस छलफल हुनुपर्ने धारणा राख्नुभयो ।
सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री लेखीले देशको मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा निर्माण भएका कानुनहरूको कार्यान्वयनमा चुनौती देखिएको बताउनुभयो । उहाँले संविधानले संशोधनको व्यवस्था गरेको कारण समय अनुकुल कानुनहरू पनि संशोधन हुँदै जाने बताउनुभयो। कार्यक्रममा जसपा नेपाल मधेश प्रदेश प्रमुख सचेतक रामअशिष यादवले कानुन आफैंमा पूर्ण हुँदैन भन्दै कानुन समयअनुसार संशोधन गरेर जानुपर्ने आवश्यक्ता रहेको बताउनुभयो । इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमको अध्यक्षतामा भएको सो कार्यक्रममा गृह, सञ्चार तथा कानुन मन्त्रालय मधेश प्रदेशका सचिव विमलप्रसाद बरालले मधेश प्रदेशमा निर्माण भएका कानुन बारेमा र अधिवक्ता राजकुमार महासेठले मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक विषयमा प्रस्तुति गर्नुभएको थियो ।
यसैगरी मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री लेखीले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनकपुरधाममा आयोजना गरेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा समावेशी व्यवस्थासम्बन्धी अन्तर्क्रिया कार्यक्रममा बोल्दै विपद्को जोखिम न्यूनीकरणका लागि तीन तहकै सरकारको बिचमा समन्वय सहकार्य आवश्यक भएको बताउनुभयो ।
मधेश प्रदेशमा सबैभन्दा बढी आगलगी र शीतलहरको घटना, पानीमा डुबेर मृत्यु हुने, सर्प दंशबाट मृत्यु हुनेजस्ता घटनाहरू हुनेगरेको भन्दै यस्ता घटनाहरू हुँदा जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार गम्भीर हुनुपर्नेमा जोड दिनुभयो ।

# विद्यालय अगाडि थुप्रिएको फोहोर हटाइयो

**खबर दर्पण समाचारदाता**
**भदौ १६ गते, बर्दिवास**

औरही नगरपालिका-१ स्थित जनता आधारभूत विद्यालय अगाडि करिब दुई हप्ता भन्दा बढी समयदेखि थुप्रिएको फोहोर आज हटाइएको छ।
विद्यालयका प्राध्यापक पच्चु महराले यसअघि सरसफाइका लागि नगरपालिकामा लिखित निवेदन दिएका थिए। यसैबीच, शिरीष न्युज महोत्तरी जिल्ला प्रमुख एवं स्थानीय सञ्चारकर्मी धर्वेन्द्र कुमार यादव "यदुवंशी" ले सामाजिक सञ्जालमार्फत नगरभित्र सडकमा बढ्दै गएको फोहोर र अतिक्रमणप्रति प्रश्न उठाउँदै नगर प्रहरीको भूमिका के हो भन्ने विषय सार्वजनिक गरेका थिए। नगर पालिका र नगर प्रहरीको पहलमा व्क्र्च मेसिन, विद्यार्थी तथा स्थानीयवासीहरूको सक्रिय सहकार्यमा आज विद्यालय अगाडि थुप्रिएको दुर्गन्धित फोहोर व्यवस्थापन गरिएको हो। साथै, अन्य वडाहरूमा समेत सडक सर सफाइ र अतिक्रमण हटाउने अभियान अघि बढाइएको नगर पालिका स्रोतले जनाएको छ।
नगर प्रहरीका प्रमुख शत्रुधन साहले भने, "नगरलाई स्वच्छ र सुरक्षित राख्नु हाम्रो पहिलो दायित्व हो। विद्यालय अगाडि लामो समयदेखि थुप्रिएको फोहोर हटाउनु मात्र होइन, अब नगरका प्रत्येक वडामा निरन्तर सरसफाइ र अतिक्रमण नियन्त्रण गर्ने अभियानलाई अझ कडाइका साथ अघि बढाइनेछ," भने। सो अवसरमा औरही नगर पालिकाका प्रमुखले भने, "समृद्ध औरही नगरपालिका हाम्रो शान, पूर्ण सरसफाईयुक्त नगरपालिका हाम्रो अभियान" भन्ने नारा अनुसार हामी निरन्तर सरसफाइ अभियानलाई अघि बढाउँदैछौं। नगर वासीको सक्रिय सहभागिता नै यस अभियानको आधार हो," भन्दै सबैलाई सहयोगका लागि आह्वान गरे। सो कार्यप्रति स्थानीय रामब्रण मण्डल सहित बस्तीवासीहरूले नगरपालिका र नगर प्रहरीलाई धन्यवाद ज्ञापन गरेका छन्।

# 'प्राकृतिक विपत्तिको जोखिम न्यूनीकरण.........

जनतालाई सचेत बनाउनु पर्ने धारणा राख्नुभयो ।
प्राकृतिक विपद्मा काम गर्ने विभिन्न सरकारी, गैरसरकारी संस्थाहरूको सहभागितामा भएको सो कार्यक्रममा जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डल र सहायक प्रमुख जिल्ला अधिकारी उमेश कुमार दाहालले प्राकृतिक विपद्का विभिन्न विषयमा बोल्नु भएका थिए ।


## युवा सशक्तिकरण गरौं

- ❖नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- ❖राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- ❖स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- ❖कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- ❖समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- ❖नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

**लोहारपट्टी नगरपालिका, महोत्तरी**

## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- ➢ सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- ➢ आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- ➢ अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- ➢ अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- ➢ कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- ➢ वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- ➢ मानसिक रुपमा तयार होऔं र
- ➢ आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारल... छोडौं

**बलवा नगरपालिका, महोत्तरी**



## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- ➢ सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- ➢ आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- ➢ अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- ➢ अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- ➢ कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- ➢ वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- ➢ मानसिक रुपमा तयार होऔं र
- ➢ आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।



**रामगोपालपुर नगरपालिका, महोत्तरी**

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- ➢ चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- ➢ नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- ➢ मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- ➢ धुम्रपान र मद्यपान नगरौं।

**औरही नगरपालिका, महोत्तरी**


## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# दुम्सी सिकार गर्ने विरुद्ध महोत्तरी वन कार्यालयले मुद्दा दायर गरे



**खबर दर्पण समाचारदाता**

**भदौ १७ गते, बर्दिवास**

डिभिजन वन कार्यालय महोत्तरीले जङ्गली क्षेत्रबाट वन्यजन्तुसहित पक्राउ परेका चार जनामाथि पहिलोपटक चोरी सिकारी सम्बन्धी वन मुद्दा दायर गरेको छ ।

बर्दिबास-१०, लक्ष्मीनियाँको जङ्गलबाट छ वटा मरेको दुम्सी सहित पक्राउ परेका सर्लाही ईश्वरपुर-३, भक्तिपुर नट टोलका अरुण मिस्त्री, रामस्वरूप मिस्त्री, उमेश मिस्त्री र ध्रुव मिस्त्रीमाथि मुद्दा दायर गरिएको हो ।

उनीहरूलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम 'बिना अनुमति वन्यजन्तुको चोरी सिकार तथा ओसारपसार गरेको' अभियोगमा कारबाही अघि बढाइएको वन कार्यालयले जनाएको छ ।

मुद्दाका अनुसन्धान अधिकृत एवं सव डिभिजन वन कार्यालय बर्दीबासका प्रमुख सिकिन्दर चौधरीका अनुसार जिल्ला न्यायाधिवक्ता कार्यालय महोत्तरीको सिफारिसमा चारै जनामाथि ऐनको दफा ११ बमोजिम अभियोग पत्र दायर गरिएको हो ।

सोही ऐनको दफा २६ (६) अनुसार अभियुक्तहरूलाई २० हजार रुपियाँ जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजायको माग दाबी गरिएको चौधरीले बताउनुभयो । ऐनको दफा २६ (६) ले बिना अनुज्ञापत्र (हन्टिङ लाइसेन्स) वन्यजन्तु पक्रने, मार्ने लगाएतका कार्य गर्न बर्जित गरेको छ । यद्यपि दुम्सी संरक्षित वन्यजन्तुको सूचीमा नरहेकोले चारै जनालाई जनही ३० हजार रुपैयाँ धरौटी लिई तारेखमा रिहा गरिएको वन कार्यालयले आइतबार (आज) जनाएको छ ।

उनीहरूसाथ पक्राउ परेका बा. ८८ प. ११६० र बा. ५६ प. २२४० नम्बरका दुई वटा मोटर साइकल र सिकारमा प्रयोग गरिएका घरेलु हतियार भने जफत गरिएको चौधरीले बताउनुभयो ।

गत साउन २८ गते राति जनकपुरबाट लालबन्दीतर्फ जाने क्रममा डिभिजनल वन अधिकृत (डिएफओ) सन्तोष झाले दुई वटा मोटरसाइकलमा सवार ती चारै जनालाई मरेको दुम्सीसहित नियन्त्रणमा लिएर डिभिजन वन कार्यालय महोत्तरीको जिम्मा लगाउनु भएको थियो ।

घटनाको दुई साता लामो अनुसन्धानपछि पहिलोपटक चोरी सिकारी मुद्दा दायर गरेको अनुसन्धान अधिकृत चौधरीले जनाउनुभयो । पक्राउ परेका चारैजनाले दुम्सी कुनै पनि जिल्लाको जङ्गली क्षेत्रमा नभई धनुषा महेन्द्रनगरको पूर्वी क्षेत्रमा पर्ने हरिपुरको खेतमा मारेको दाबी गरेका छन् ।

# डिजिटल प्रविधिसँगै गुणस्तरीय शिक्षणतर्फ श्री पशुपतिनाथ मावि बनरझुल्ला

**खबर दर्पण समाचारदाता**

**भदौ १७ गते, बर्दिवास**



"अब पढाइ अरूभन्दा फरक हुनेछ। हाम्रो कक्षाकोठा मात्र पर्खाल र ब्ल्याकबोर्डसम्म सीमित रहने छैन, हामी विश्वमै प्रयोग भइरहेका प्रविधिसँग जोडिनेछौं," बर्दिवास-९ पशुपतीनगरस्थित श्री पशुपतिनाथ माध्यमिक विद्यालय बनरझुल्लाका प्रधानाध्यापक बिरेन्द्र कुमार सिंहले आइतबारको उद्घाटन कार्यक्रममा भने।

विद्यालयमा पहिलोपटक डिजिटल बोर्ड जडान भएपछि विद्यार्थी, शिक्षकदेखि अभिभावकसम्ममा उत्साह छाएको छ।

उद्घाटनका लागि विद्यालय पुगेका बर्दिवास नगरप्रमुख प्रह्लाद कुमार क्षेत्री केवल औपचारिक कार्यक्रममै सीमित भएनन्। उनी प्रत्यक्ष कक्षाकोठामा प्रवेश गरी कक्षा १० र ११ का विद्यार्थीहरूसँग संवादमा उत्रिए।

विद्यार्थीहरूको सिकाइ-अवस्था, शिक्षक-विद्यार्थी सम्बन्ध, कक्षाकोठाको वातावरणबारे बुझ्दै उनले स्पष्ट भने-

"गुणस्तरीय शिक्षा तपाइँहरूको अधिकार हो। यदि शिक्षण-सिकाइमा कमजोरी देखिए, अभिभावक वा विद्यालय व्यवस्थापन समितिसम्म मात्र सीमित नराख्नुस्, सिधै मलाई फोन गरेर जानकारी दिन सक्नुहुन्छ।"

उनले आफ्नो निजी मोबाइल नम्बर (९८४४०३५२४८) समेत विद्यार्थीलाई सार्वजनिक गरे, जसले स्थानीय सरकार र विद्यार्थीबीच प्रत्यक्ष सम्बन्धलाई प्रष्ट्यायो।

विद्यालयका प्रधानाध्यापक सिंहका अनुसार, डिजिटल बोर्ड जडानसँगै गणित, विज्ञानजस्ता विषय अब दृश्यात्मक र अन्तर क्रियात्मक शैलीमा पढाइनेछ। "सामान्य ब्ल्याकबोर्डमा मात्र आधारित शिक्षणले सबै विद्यार्थीलाई समेट्न सक्दैन। प्रविधिको प्रयोगले जिज्ञासा बढाउँछ, सिकाइ सजिलो र रोचक बन्छ," उनले भने।

कक्षामा उपस्थित विद्यार्थीले पनि नयाँ शैलीप्रति उत्साह प्रकट गरे। कक्षा ११ की एक छात्रा भन्छिन्-

"पहिले पढाइ सुनाइमै सीमित हुन्थ्यो। अब भिडियो, चित्र, चार्ट हेरेर बुझ्न पाइने भएकाले पढाइ सजिलो हुनेछ।"

हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

बर्दिवास नगरपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

मटिहानी नगरपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

सम्सी गाउँपालिका, महोत्तरी

डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

पीपरा गाउँपालिका, महोत्तरी

युवा सशक्तिकरण गरौं

- नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

गौशाला नगरपालिका, महोत्तरी

# बालबालिकाको भविष्य उज्वल बनाउन कुम्हरौडामा निःशुल्क ट्युसन कक्षा

**खबर दर्पण समाचारदाता**

**भदौ १६ गते, बर्दिवास**

धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-७, कुम्हरौडामा वैदेशिक रोजगारीमा गएका युवाको आर्थिक सहयोगमा सञ्चालन भइरहेको निःशुल्क ट्युसन कक्षाले स्थानीय बालबालिका लाभान्वित भएका छन्। विदेशमा कार्यरत युवाले 'कुम्हरौडा भगवतीपुर दोहा कतार समाज सेवा' नामक संस्था स्थापना गरी दुई वर्षअघि ट्युसन कक्षा सुरु गरेका हुन्। हाल सो कक्षामा करिब १६० विद्यार्थी नियमित अध्ययन गरि रहेका छन्।

संस्थाका अध्यक्ष देवेन्द्र साहले बालबालिकाको भविष्य उज्वल बनाउन निःशुल्क ट्युसन कक्षा सञ्चालन गरिएको बताउनुभयो। उहाँका अनुसार कुम्हरौडाबाट वैदेशिक रोजगारीमा गएका युवाको आर्थिक सहयोगमा सञ्चालन गरिएको छ। गाउँबाट १५० भन्दा बढी युवा वैदेशिक रोजगारमा छन्। उहाँहरुले महिनाको १०-१५ रियाल संस्थालाई सहयोग गर्नुहुन्छ। त्यसैबाट यो निःशुल्क ट्युसन कक्षा सञ्चालन हुँदै आएको छ। सुरुमा विपन्न तथा सीमान्तकृत समुदायका विद्यार्थीलाई मध्यनगर गर्दै टयुसन सञ्चालन गरिए पनि अहिले सबै वर्गका बालबालिकाका आउने गरेको उहाँले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, 'हामी विदेशमा छौँ तर हाम्रो गाउँका बालबालिकाको भविष्यमा शिक्षित होऊन् भन्ने चाहना छ। त्यसैले हामीले महिना केही रकम संकलन गरेर ट्युसन सञ्चालन गरेका हौँ।

ट्युसन कक्षाका शिक्षक रामश्रेष्ठ साहले यो निःशुल्क ट्युसन शिक्षाले बालबालिकाको जीवनशैलीमा पनि परिवर्तन ल्याएको बताउनुभयो। लक्ष्मिनिया आधारभूत विद्यालयका शिक्षकसमेत रहनु भएका साहले बालबालिकालाई मोबाइल तथा अन्य अस्वस्थ आदतबाट जोगाउन र शिक्षासँग जोड्न निःशुल्क ट्युसन कक्षा सुरु गरेको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, 'बालबालिका स्कुलबाट घर आएपछि धेरै समय मोबाइलमै बिताउँथे। कतिपय त कुलतमा फस्ने सम्भावना देखिन्थ्यो। त्यसैले मैले कम्तिमा दुई घण्टा भए पनि उनीहरूलाई मोबाइलबाट टाढा राखेर पढाइतिर मोड्ने सोच बनाएँ।' यस विषयमा वैदेशिक रोजगारीबाट फर्किएका युवालाई आफ्नो योजना सुनाएपछि उहाँहरुले संस्था स्थापना गरेर ट्युसन कक्षा सञ्चालन गरिएको उहाँले बताउनुभयो।

उहाँका अनुसार गाउँका ८० प्रतिशत बालबालिका नियमित रूपमा विद्यालय जान थालेका छन्। केही विपन्न परिवारका बालबालिका भने अझै अभिभावकसँग काममा जान बाध्य छन् भने खेलेर समय बिताउँदै आएका छन। तर ती बालबालिकालाई पनि ट्युसनमा जोड्ने प्रयास जारी छ।



शिशु कक्षादेखि सात कक्षासम्मका पढाई हुने गरेको बताउँदै शिक्षक साहले विद्यार्थीका लागि आठ जना शिक्षक-शिक्षिकाले दैनिक दुई घण्टा पठनपाठन गराउने गरेको छन्। ती शिक्षकलाई मासिक चारदेखि पाँच हजार रुपैयाँ संस्थाले सहयोग उपलब्ध गराउँदै आएको उहाँले जानकारी दिनुभयो। कतिपय बालबालिकालाई कापी, कलम, लत्ताकपडा जस्ता सामग्री पनि संस्थाले उपलब्ध गराउँदै आएको शिक्षक साहले सुनाउनुभयो।

स्थानीय राजन झाले कुम्हरौडा भगवतीपुर दोहा कतार समाज सेवाको यो अभियानले बालबालिकालाई शिक्षित बनाउनुका साथै गाउँको सामाजिक विकासमा समेत योगदान पुऱ्याएको बताउनुभयो। ग्रामीण भेगका युवाको सहयोग र स्थानीय शिक्षकको प्रयासले समाजमा सकारात्मक परिवर्तन ल्याएको उहाँको भनाइ छ।


मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

भंगहा नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

मनरा शिस्वा नगरपालिका, महोत्तरी

सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔं,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

सोनमा गाउँपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

एकडारा गाउँपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

जलेश्वर नगरपालिका, महोत्तरी

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

महोत्तरी गाउँपालिका, महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर, धनुषा  मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,